नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

वर्ष ८, अंक ९, पुस




# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।

विश्वासिलो अभियोजन: पीडितको सम्मान ॥

मासिक ई-बुलेटिन

# विषय सूची

| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - ३ |
| अपराध तथ्याङ्क | ४ - ११ |
| प्रहरी सेवा प्रवाह | १२- १५ |
| खोजतलास तथा समन्वय | १६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १७ - १९ |
| अपराध समाचार | २० - २४ |
| उत्कृष्ट अनुसन्धान | २५ |
| सम्पादक मण्डल | २६ |

# विभागीय गतिविधिहरु

## True Conf मार्फत Virtual Meeting सम्पन्न



***काठमाडौं, ९ पुस***

मिति २०८२ पौष ९ गते अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूबाट अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना Crime Action Plane CAP को अनुगमन बाट देखिएका कमजोरी सुधार सम्बन्धमा True Conf मार्फत, भर्चुअल माध्ययमबाट काठमाण्डौ उपत्यका प्रहरी कार्यालय रानीपोखरी, प्रदेश प्रहरी कार्यालय ७ (सात) नेपाल प्रहरी प्रदेश कार्यालय ७ (सात) सम्पूर्ण मुद्दा चल्ने जिल्ला प्रहरी कार्यालयहरु, इलाका प्रहरी कार्यालयहरु तथा अपराध अनुसन्धान शाखा प्रमुखहरु समेतलाई यस विभागका प्रहरी नायव महानिरीक्षकज्यू , प्रहरी बरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायव उपरीक्षकज्यू र प्रहरी निरीक्षकज्यू समेतको उपस्थितिमा प्रहरी अतिरिक्त महानिरीक्षकबाट निर्देशन भई Virtual Meting सम्पन्न भयो ।

## Mission बाट फिर्ता हुनु भएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न



***काठमाडौं, ९ पुस***

Unied Nation Peacekeeping Mission in Cyprus (UNFICYP) बाट आफ्नो कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएको प्रहरी नायव उपरीक्षक रबिन्द्र मान गुरुङज्यू र United Nation Misssion in South Sudan ( UNMISS ) बाट स्वदेश फिर्ता हुनु भएको प्रहरी बरिष्ठ नायव निरीक्षक अनिता श्रेष्ठज्यूलाई विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्धारा स्वागत कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरुको उपस्थिती रहेको थियो ।

## निरीक्षण कर्यक्रम सम्पन्न




***काठमाडौं, ८ पुस***

मिति २०८२।०९।०८ गते अपराध अनुसन्धान विभाग अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयको निरिक्षण विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूबाट सम्पन्न भयो । प्रहरी अतिरिक्त महानिरीक्षकज्यूलाई महिला बालबलिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक दिपक कुमार बस्नेतज्यूले स्वागत गर्नु भयो ।

## दर्ज्यानी चिन्हद्धारा शुसोभन कार्यक्रम सम्पन्न



***काठमाडौं, ८ पुस***

नेपाल प्रहरी जनपद समुहतर्फ प्रहरी नायव निरीक्षक पदबाट प्रहरी बरिष्ठ नायव निरीक्षक पदमा बढुवा हुनु भएका आदर्श अधिकारी र राजेन्द्र सिंह धामीलाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो।

## Women's Rehabilitation Center (WOREC) ओरेक का प्रतिनिधीहरु संग छलफल सम्पन्न



***काठमाडौं ,११ पुस***

अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यू र हिंसा प्रभावितहरुको राष्ट्रिय सम्मेलन (अग्रणी सम्मेलन) Women's Rehabilitation Center (WOREC) ओरेक द्वारा जारी घोषणापत्र प्रदान गर्ने सम्बन्धमा महिला पुनःस्थापना केन्द्र (ओरेक) का प्रतिनिधीहरु संग छलफल कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायब महानिरीक्षकज्यू , प्रहरी वरिष्ठ उपरीक्षकज्यू ,प्रहरी उपरीक्षकज्यू। प्रहरी निरीक्षकज्यू तथा ओरेकका प्रतिनीधिहरुको उपस्थिति रहेको थिय।

## Crime & Criminal Information System (CCIS) Training सम्पन्न



***काठमाडौं, २३ पुस***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८२।०९।०३ गते देखि मिति २०८२।०९।२३ गतेसम्म संचालित Daily Incident Report System (DIRS) विषयक ३८ औ समुहको Training सम्पन्न भयो। उक्त तालिममा प्रहरी नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक २, प्रहरी वरिष्ठ हवल्दार ६,प्रहरी हवल्दार ६, प्रहरी सहायक हवल्दार ७ र प्रहरी जवान १७ गरि जम्मा ३९ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो। Daily Incident Report System (DIRS) Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुका साथै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ




***काठमाडौं, १४ पुस***

ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) र संगठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी , बागलुङ नगरपालिका-२ श्रीनगर घर भएका जावेद अनवर दीन पक्राउ परेका छन्। एनसिबि अबुधाबी युएईको समन्वयमा युएईबाट पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ। उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०७७ भदौ ८ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो। उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि केन्द्रीय अनुसन्धान ब्यूरो बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ।

## दर्ज्यानी चिन्हद्धारा शुसोभन कार्यक्रम सम्पन्न



***काठमाडौ २४ , पुस***

ट्राफिक प्रहरी समुहतर्फ  प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी नायव निरीक्षक पदमा बढुवा हुनु भएका  शिव प्रसाद भट्टराई लाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## दर्ज्यानी चिन्हद्धारा शुसोभन कार्यक्रम सम्पन्न




***काठमाडौं, २८ पुस***

जनपद  प्रहरी समुहतर्फ  प्रहरी बरिष्ठ हवल्दार पदबाट प्रहरी सहायक निरीक्षक पदमा बढुवा हुनु भएका  कुल बहादुर खत्रि लाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौरज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु, प्रहरी नायब उपरीक्षकज्यूहरु, प्रहरी निरीक्षकज्यूहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो ।




# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पछिल्लो ५ आ.व.को कुल मुद्दा दर्ता र फछ्र्यौट संख्या
## (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)




## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक कुल मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (कात्तिक - पुस)



## उपत्यका र प्रदेशको शीर्षकगत मुद्दा दर्ता संख्या





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क




मासिक ई-बुलेटिन


## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या



## गम्भीर अपराधको प्रदेशगत मासिक मुद्दा दर्ता सख्या





## सम्पत्ती शुद्धीकरणको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता सख्या



मासिक ई-बुलेटिन


## २०८२ साल पुस महिनामा घरेलु हिंसा सम्बन्धी विवरण





## २०८२ साल पुस महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | २६९ | ३० वर्ष ९ महिना ० दिन | ३५१२८६०७ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३९६ | २०७ वर्ष ८ महिना १९ दिन | १०९५८१६८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ४५३ | ८२ वर्ष ५ महिना १५ दिन | ३६२०२०६ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३८६ | ८१ वर्ष २ महिना २६ दिन | २१२६५३२५ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १४४ | ४७ वर्ष ८ महिना १८ दिन | ४६३९८३०६ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | २५७ | १५४ वर्ष ६ महिना १४ दिन | १६२०४४४८ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४४ | ६४ वर्ष ११ महिना ३ दिन | ५४९१३३३ |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ३४४ | २४५ वर्ष ० महिना १९ दिन | १५३५६४७३ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट | ३ | ० वर्ष ० महिना १० दिन | ३४६००००० |
| **जम्मा** | | **२२९६ जना** | **९१४ वर्ष ५ महिना ४ दिन** | **रु. १८,९०,२२,८६६।-** |

## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक मुद्दा दर्ता संख्या





## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक तथ्याङ्क




मासिक ई-बुलेटिन

## साईबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ साल पुस महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८२ साल पुस महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १५८९२३ | १४३०४० |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानिय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ७ | ७ |
| ३. | अध्यागमन विभाग | १८० | ३१५ |
| ४. | नागरिक उड्डयान प्राधिकरण | २०४ | २०७ |
| ५. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ३९ | २० |
| ६. | औंठाछाप प्रमाणिकरण | ७९ | ७९ |
| ७. | कारागार | ० | ० |
| | अन्य | २ | २ |
| **जम्मा** | | **१५९४३४** | **१४३४८३** |

## सामुदायिक प्रहरी गतिविधि


२०८२ साल पुस महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :

(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)




# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ साल पुस महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





# आसरा सुधार केन्द्र पानवारी , धरान सुनसरी

## २०८२ साल पुस महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ साल पुस महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या





## २०८२ साल पुस महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | ७ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | ३९ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० जना |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | २५,९३७ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको । | ० जना |

# खोजतलास तथा समन्वय

## २०८२ साल पुस महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको




## २०८२ साल पुस महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८२ सालको पुस महिनामा बिभिन्न १७ वटा मुद्दा शीर्षक (आपराधिक उपद्रव, चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, वेवारीसे लास, भबितव्य ज्यान) अन्तर्गत ८१ वटा मुद्दाको ४०५ वटा सबुदहरु परीक्षण गरिएको ।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ पुस महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको ।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०९/०१ गतेदेखि २०८२/०९/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ४३७ केशहरुको २३८० नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी ५२१ केशहरुको ३०६४ नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८२/०९/०१ गतेदेखि २०८२/०९/३० गतेसम्म यस प्रयोगशालाबाट (AFIS) मा २१७१ DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०९/०१ गतेदेखि २०८२/०९/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि २१६ केशहरुको ८४९ नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी २८० केशहरुको १०७४ नमूनाहरु परीक्षण गरिएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०९/०१ गतेदेखि २०८२/०९/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **४२४** केशहरुको १२७४ नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डिङ केशहरु समेत गरी **९९** केशहरुको २७६ नमूनाहरु परीक्षण गरिएको।
- विभिन्न सम्मानित अदालतहरुमा बकपत्र सम्पन्न गर्नका लागि यस प्रयोगशालाबाट १५ जना विशेषज्ञहरु खटिई गएको।
- नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत राहदानी विभाग त्रिपुरेश्वर काठमाण्डौमा यस प्रयोगशाला अन्तर्गत फोरेन्सिक इकाईबाट मिति २०८२/०९/०१ गतेदेखि २०८२/०९/३० गतेसम्म डकुमेन्ट भेरिफाई नागरिक्ता-२०, औंठाछाप -१० प्राप्त भई प्रमाणिकरण गरिएको।
- नेपाल प्रहरी स्टाफ कलेट, महाराजगंज, नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय महाराजगंज, नेपाल प्रहरी शिक्षालय भरतपुर चितवन तालिममा सहभागि प्रशिक्षार्थीहरुलाई मिति २०८२/०९/०१ गतेदेखि २०८२/०९/३० गतेसम्म भौतिक तथा Online Virtual माध्यबाट यस प्रयोगशालाका १६ जना विशेषज्ञहरुद्वारा प्रशिक्षण प्रदान गरिएको।
- नेपाल प्रहरी स्टाफ कलेट, महाराजगंजमा सञ्चालित Masters of Police Sciences (MPS) कार्यक्रममा सहभागी १७ जना प्रहरी नायव उपरीक्षकहरुलाई मिति २०८२/०९/२८ गते यस प्रयोगशालामा अवलोकन भ्रमण गराईएको।
- मिति २०८२/०५/२३ गते Gen-Z समूहद्वारा आह्वान गरेको प्रदर्शनका क्रममा विभिन्न महत्वपूर्ण प्रतिष्ठानहरु, सरकारी कार्यालयहरु तथा निजि सम्पत्तिमा तोडफोड तथा आगजनी भइ नष्ट भएको सम्बन्धमा अनुसन्धानको सिलसिलामा विभिन्न घटनास्थलबाट आगजनी (Arson Case) सँग सम्बन्धित सङ्कलित भौतिक सबुद प्रमाणहरुको वैज्ञानिक परीक्षण गर्ने प्रयोजनार्थ तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन शाखा, नक्सालको च.नं. १२५४ मिति २०८२/०९/२२ गतेको प्राप्त पत्रादेशानुसार मित्रराष्ट्र भारत स्थित नेपाली राजदूतावास तथा भारतको विधि विज्ञान प्रयोगशाला वा अन्य सम्बन्धित निकायमा समन्वयका लागि यस प्रयोगशालामा कार्यरत प्र.ना.उ. श्री पवन ढुंगाना खटिई गएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### २०८२ साल पुस महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***कास्की, ४ पुस***

पोखरा महानगरपालिका-३१ बेगनासगाउँ बस्ने ७२ वर्षीया दाल कुमारी परियारको हत्या गरेको अभियोगमा उनकै नाती २१ वर्षीय आशिष परियारलाई प्रहरीले पक्राउ गरेको छ। आशिषले कुटपिट गर्दा दाल कुमारीको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ सिआरभि अमरसिंहबाट खटिएको प्रहरीले उनलाई पोखरा महानगरपालिका-९ पृथ्वीचोकबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***रोल्पा, ६ पुस***

आफ्नै श्रीमती ५२ वर्षीया रीमा परियारको हत्या गरेको अभियोगमा रून्टीगढी गाउँपालिका-५ जस्पुर बस्ने ४८ वर्षीय अमराज दमाईलाई प्रहरीले पक्राउ गरेको छ। अमराजले कुटपिट गर्दा रीमा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय होलेरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। कुटपिटबाट गम्भीर घाइते भएकी रीमाको प्राथमिक स्वास्थ्य केन्द्र होलेरीमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***भक्तपुर, ७ पुस***

भक्तपुर नगरपालिका-३ वंशगोपाल डेगोमनास्थित निर्माणाधीन घरमा ज्यामी काम गरी बस्ने उदयपुर घर भएका ३५ वर्षीय पुर्ण ठकरीको हत्या गरेको अभियोगमा सोही घरमा ज्यामी काम गरी बस्ने धनकुटा साँगुरीगढी गाउँपालिका-३ घर भएका २७ वर्षीय याखा राई भन्ने संजिब राईलाई प्रहरीले पक्राउ गरेको छ। संजिबले कुटपिट गर्दा पुर्णको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी परिसर भक्तपुर समेतबाट खटिएको प्रहरीले उनलाई भक्तपुर नगरपालिका-१ सल्लाघारीबाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***सुनसरी, १४ पुस***

इटहरी उपमहानगरपालिका-९ विपि चोक डेरा गरी बस्ने भोजपुर घर भएकी ५६ वर्षीया पविमाया वयलकोटीको हत्या गरेको अभियोगमा उनकै ज्वाँई सोही उपमहानगरपालिका-९ म्याजिक स्टेन डेरा गरी बस्ने मोरङ घर भएका ४० वर्षीय गणेश शाह गुप्तालाई प्रहरीले पक्राउ गरेको छ। आपसी वादविवादको क्रममा गणेशले पानी तान्ने ट्युववेलको हेण्डिल प्रहार गर्दा गम्भीर घाइते भएकी पविमायाको विराट मेडिकल कलेज टिचिङ अस्पताल बुढीगंगा मोरङमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***खोटाङ, ६ पुस***

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-९ सिगाने बस्ने ५८ वर्षीय पदम रोक्काको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ५० वर्षीय दिल कुमार भुजेललाई प्रहरीले पक्राउ गरेको छ। वादविवादको क्रममा दिल कुमारले कुटपिट गर्दा पदमको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी निर्मलीडाँडाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### युके पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं ,२ पुस***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी युके पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-१५ घर भएका ५० वर्षीय लाल बहादुर बराइलीलाई प्रहरीले पक्राउ गरेको छ। लाल बहादुरले UK पठाइदिन्छु भन्दै १ जना पीडितबाट ५२ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, २ पुस***

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१भोटेवहाल बस्ने सोही महानगरपालिका-२१ सेतोवहाल घर भएका ४१ वर्षीय मनोहर लाल श्रेष्ठलाईर प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत काठमाडौंको २०८१ असार २३ गतेको फैसलाले उक्त मुद्दामा ३६ लाख रूपैयाँ जरिवाना र ५ दिन कैद सजाय ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपलिका-१५ स्वयम्भूबाट पक्राउ गरेको

हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, ४ पुस***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ बस्ने कपिलवस्तु शिवराज नगरपालिका-५ घर भएका ५४ वर्षीय पवित्र प्रकाश अधिकारी ,काठमाडौं महानगरपालिका-३२ बस्ने भोजपुर षडानन्द नगरपालिका१-२ घर भएकी ३३ वर्षीया बबिता विश्वकर्मा र काठमाडौं गोकर्णेश्वर नगरपालिका बस्ने ५-भक्तपुर चाँगुनारायण नगरपालिका९- घर भएका २५ वर्षीय साईरज सुबेदी रहेका छन् ।पक्राउ मध्ये पबित्रले अल्बानिया पठाइदिन्छु भन्दै ४ जना पीडितहरूबाट १९ लाख रूपैयाँ, बबिताले क्यानडा पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट १९ लाख रूपैयाँ र साईरजले अमेरिका पठाइदिन्छु भन्दै ३ जना पीडितहरूबाट ११ लाख १४ हजार ५ सय रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पबित्र र बबितालाई काठमाडौं महानगरपालिका३२- बाट तथा साईरजलाई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका ८-बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## विभिन्न धनमाल चोरी

***बर्दिया पुस १५ ,***

बारबर्दिया नगरपालिका-६ जयनगर टोल बस्ने ४१ वर्षीय मान बहादुर क्षेत्रीको घरबाट नगद तथा सुनका विभिन्न गरगहना समेत गरी करिब १२ लाख ८२ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने पाँच जना पक्राउ

***काठमाडौं, १७ पुस***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१६ बस्ने उदयपुर उदयपुरगढी गाउँपालिका-३ घर भएका २६ वर्षीय विश्व ठकुरी भन्ने विश्व विक्रम सेन, काठमाडौं टोखा नगरपालिका-९ बस्ने उदयपुर त्रियुगा नगरपालिका-१२ घर भएका ४४ वर्षीय अर्जुन कुमार निरौला, काठमाडौं महानगरपालिका-१० बस्ने ४८ वर्षीय गोपाल भन्ने प्रेम श्रेष्ठ, काठमाडौं महानगरपालिका-७ बस्ने पाँचथर फिदिम नगरपालिका-१२ घर भएका ३८ वर्षीय पूर्ण बहादुर तुम्ब्रोक र ललितपुर, ललितपुर महानगरपालिका-२३ बस्ने काभ्रे पनौती नगरपालिका-१२ घर भएका ४० वर्षीय राज कुमार खड्का रहेका छन्। पक्राउ मध्ये विश्व, अर्जुन र प्रेमले एन्डोरा पठाइदिन्छु भन्दै ९ जना पीडितहरूबाट ५९ लाख ५० हजार रूपैयाँ, पूर्ण बहादुरले अष्ट्रिया पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट ४ लाख रूपैयाँ र राज कुमारले स्पेन पठाइदिन्छ भन्दै १ जना पीडितबाट ८ लाख ५० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले विश्व, अर्जुन, प्रेम र पूर्ण बहादुरलाई काठमाडौं महानगरपालिका-९ बाट तथा राज कुमारलाई काठमाडौं महानगरपालिका-७ बाट पक्राउ गरेको हो । पक्राउ मध्ये विश्व, अर्जुन र प्रेमलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं तथा पूर्ण र राज कुमारलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## ठगीमा संलग्न रहेको अभियोगमा दुई जना पक्राउ

***काठमाडौं ,१६ पुस***

प्रहरी हौं भन्दै ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं गोकर्णेश्वर नगरपालिका बस्ने काभ्रे घर भएका ३७ वर्षीय आकाश भन्ने नानि बाबु लामा र काठमाडौं महानगरपालिका-६ बस्ने दोलखा मेलुङ गाउँपालिका-६ घर भएका ३४ वर्षीय प्रकाश तामाङ रहेका छन् ।काठमाडौंका विभिन्न औषधि पसलहरूमा गई लागूऔषध ब्यूरोबाट खटिआएका प्रहरी हौं भनि पसलको खानतलासी गरी लागूऔषध तथा अवैध औषधिहरू बेच्नु भएको छ हामी तपाइलाई नियन्त्रणमा लिन्छौं भन्दै डर त्रास देखाई रकम असुली गर्ने कार्यमा संलग्न उनीहरूलाई प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले गोकर्णेश्वर नगरपालिका-६ बाट पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला अदालतबाट काठमाडौंबाट ६ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने तीन जना पक्राउ

***काठमाडौं, १२ पुस***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं चन्द्रागिरी नगरपालिका-४ बस्ने ३७ वर्षीया ममता श्रेष्ठ, ललितपुर गोदावरी नगरपालिका-१४ बस्ने काभ्रे पाँचखाल नगरपालिका-६ घर भएका ३० वर्षीय सरोज पोख्रेल र काठमाडौं गोकर्णेश्वर नगरपालिका-८ बस्ने दोलखा भिमेश्वर नगरपालिका-७ घर भएका ४९ वर्षीय डम्बर बहादुर तामाङ रहेका छन्। पक्राउ मध्ये ममताले क्यानडा पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट २३ लाख रूपैयाँ, सरोजले युएई पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख ६४ हजार रूपैयाँ र डम्बर बहादुले रोमानिया पठाइदिन्छु भन्दै ६ जना पीडितहरूबाट ६ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले ममतालाई चन्द्रागिरी नगरपालिका-४ बाट र सरोजलाई गोदावरी नगरपालिका-१४ बाट बिहीबार तथा डम्बर बहादुरलाई गोकर्णेश्वर नगरपालिका-९ बाट शुक्रबार पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## न्यूजिल्याण्ड पठाइदिन्छु भन्दै ठगी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, १४ पुस***

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी न्यूजिल्याण्ड पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं कीर्तिपुर नगरपालिका-बस्ने सुनसरी इनरूवा नगरपालिका ११-१ घर भएका ३८ वर्षीय विशाल कटुवाललाई प्रहरीले पक्राउ गरेको छ । विशालले न्यूजिल्याण्ड पठाइदिन्छु भन्दै १ जना पीडितबाट १० लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई कीर्तिपुर नगरपालिका१-१ बाट

पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

# यौनजन्य अपराध

## नाबालिकाहरूलाई जबरजस्ती वेश्यावृत्तिको काममा लगाउने पाँच जना पक्राउ

***काठमाडौं, ३ पुस***

नाबालिकाहरूलाई जबरजस्ती वेश्यावृत्तिको काममा लगाउने कार्यमा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१३ बस्ने ३२ वर्षीय हेमन्त श्रेष्ठ, सिन्धुली दुधौली नगरपालिका-१२ घर भएकी ४० वर्षीया गिता कुमारी आचार्य, सल्यान कुमाख गाउँपालिका-४ घर भएका ४५ वर्षीय गोविन्द बुढाथोकी, बझाङ छबिसपाथीभेरा गाउँपालिका-१ घर भएका ४२ वर्षीय हरिभक्त गिरी र कैलाली गौरीगंगा नगरपालिका-६ घर भएका ४९ वर्षीय भिम बहादुर साउद रहेका छन् । काठमाडौँ उपत्यकामा रहेका विभिन्न डान्सबार, क्लब, खाजाघर, स्पा सेन्टर तथा गेष्ट हाउस लगायत दोहोरी सेन्टरहरूमा नाबालिकाहरूलाई आर्थिक लाभ लिई यौन शोषण र वेश्यावृत्तिमा लगाउने कार्य भइरहेको भन्ने सूचनाको आधारमा मानव बेचबिखन ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले काठमाडौँ ठमेलस्थित गोल्डेन स्पा, चावहिलस्थित फायर लाउन्ज एण्ड क्लव, बौद्धस्थित लक्की स्पा, मित्रनगरस्थित सुदूरपश्चिम खाजा घर र खप्तड सुदूरपश्चिम गेष्ट हाउसबाट ८ जना नाबालिकाहरूलाई उद्धार गरेको छ । उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***मोरङ, ८ पुस***

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मिक्लाजुङ गाउँपालिका-१ कोलबोटे बस्ने ५० वर्षीय गणित भन्ने गणेश राईलाई प्रहरीले पक्राउ गरेको छ । गणेश र सोही ठाउँ बस्ने ३० वर्षीय रोमन राईले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यलाय उर्लाबारीबाट खटिएको प्रहरीले उनीहरूमध्ये गणेशलाई पक्राउ गरेको हो । प्रहरीले हाल फरार रोमनको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***रूपन्देही, १३ पुस***

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बुटवल उपमहानगरपालिका-१७ रानीगंज डेरा गरी बस्ने काभ्रेपलाञ्चोक कुशादेवी गाउँपालिका-७ घर भएका ३८ वर्षीय प्रकाश घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ । प्रकाशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***उदयपुर, १७ पुस***

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-४ गवुवा बस्ने ३० वर्षीय अजय तामाङलाई प्रहरीले पक्राउ गरेको छ । अजयले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***प्युठान, २४ पुस***

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा स्वर्गद्वारी नगरपालिका-९ जुकेना बस्ने २१ वर्षीय दुर्ग बहादुर घर्ती मगरलाई प्रहरीले पक्राउ गरेको छ । मगरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट लामाचौरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***म्याग्दी, २८ पुस***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मालिका गाउँपालिका-२ साले बस्ने ५० वर्षीय फरम बिकलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । फरमले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दर्बाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# लागु औषध सम्बन्धी

## करिब २ सय ५ किलो गाँजा बरामद

***उदयपुर, ५ पुस***

वेलका नगरपालिका-८ डुम्रिबोटे अवैध लागूऔषध गाँजा २ सय ५ किलो ६ सय ६५ ग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट खटिएको प्रहरीले ६ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब १ सय ८० किलो गाँजा बरामद

***सुनसरी, १० पुस***

धरान उपमहानगरपालिका-६ पानबारी चोकटीबाट वेवारिसे अवस्थामा रहेको गाँजा करिब १ सय ८० किलोग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले डब्लुबि ०२ एए १४०२

नम्बरको गाडीबाट उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करिब ७ सय ६३ किलो गाँजा सहित दुई जना पक्राउ

***उदयपुर, १२ पुस***

चौदण्डीगढी नगरपालिका-३ पैतालिस चोकबाट अवैध लागूऔषध गाँजा करिब ७ सय ६३ किलो ७६ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वेलका नगरपालिका-६ बस्ने २३ वर्षीय रविन कुमार राई र सोही नगरपालिका-९ बस्ने २८ वर्षीय राम बहादुर राई रहेका छन्। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले रामपुरबाट गाईघाटतर्फ आउँदै गरेको को.१ ज ३४५६ नम्बरको बोलेरो गाडी जाँच गर्ने क्रममा ३० वटा बोरामा लुकाईछिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी चालक रविन र गाडीमा सवार रामलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ३ सय ३० किलो गाँजा सहित दुई जना पक्राउ

***मोरङ, १३ पुस***

जहदा गाउँपालिका-२ तरिगमाबाट अवैध लागूऔषध गाँजा करिब ३ सय ३० किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत अररिया चन्दामोहन-५ बस्ने २४ वर्षीय अबुल हसन र ३० वर्षीय सोहेल खान रहेका छन्। जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त परिमाणको गाँजा सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### दुई हजार २ सय २० ट्याब्लेट ट्रामाडोल बरामद

***सुनसरी पुस १३ ,***

देवानगंज गाउँपालिका-२ कबरिस्तानबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २ हजार २ सय २० ट्याब्लेट प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय देवानगंजबाट खटिएको प्रहरीलाई देख्नासाथ भारतबाट नेपालतर्फ आउँदै गरेको हाल नम्बर नखुलेको मोटरसाइकलमा सवार अपरिचित व्यक्तिले झोला फाली फरार भएपश्चात झोला तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ५ सय २१ किलो गाँजा सहित दुई जना पक्राउ

***मोरङ, १४ पुस***

केराबारी गाउँपालिका-५ लाफा टोलबाट अवैध लागूऔषध गाँजा करिब ५ सय २१ किलोग्रम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा धनकुटा सहिदभूमी गाउँपालिका-६ बस्ने ३५ वर्षीय निश्चल राई र साँगुरीगढी गाउँपालिका२- बस्ने २० वर्षीय खगेन्द्र लिम्बु रहेका छन्। इलाका प्रहरी कार्यालय बेलबारी र इलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरीले प्रन ०००४झ ००१-०६-१.म्बरको एम्बुलेन्सलाई जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी चालक निश्चल र एम्बुलेन्समा सवार खगेन्द्रलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ४ सय ५९ किलो गाँजा बरामद

***धनकुटा, १८ पुस***

साँगुरीगढी गाउँपालिकाभेडेटार चोकस्थित ६- सडकबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ५९ किलो ९ सय ६५ ग्राम आइतबार राति प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको प्रहरीले धनकुटाबाट धरानतर्फ जाँदै गरेको ना.४ च ६४७४ नम्बरको एम्बुलेन्सलाई जाँच गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। प्रहरीले हाल फरार एम्बुलेन्स चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब २ सय ३ किलो अवैध लागूऔषध गाँजा सहित एक जना पक्राउ

***बारा,१९ पुस***

जीतपुर सिमरा उपमहानगरपालिका-१८ बडर्वाबाट अवैध लागूऔषध गाँजा करिब २ सय ३ किलो ८ सय ५० ग्राम सहित मकवानपुर मनहरी गाउँपालिका-६ बस्ने २४ वर्षीय निशान बहादुर सिन्चुरीलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी जैतापुर समेतबाट खटिएको प्रहरीले बिएसी २३४३ नम्बरको योद्धा पिकअप गाडीलाई जाँच गर्ने क्रममा गाडीको पछाडी भागमा फल्स बटम बनाई लुकाई छिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी चालक निशानलाई पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अन्य अपराध

### स्रोत नखुलेको नगद सहित दुई जना पक्राउ

***सुनसरी, ३ पुस***

बराहक्षेत्र नगरपालिका-१ कोशीपुलबाट स्रोत नखुलेको नगद १५ लाख ३४ हजार रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनकुटा सहिदभुमी गाउँपालिका-२ बस्ने २० वर्षीय अपित राई र ३१ वर्षीय कबिराज राई रहेका छन् । अस्थायी प्रहरी पोष्ट चतरापुलबाट खटिएको प्रहरीले धरानबाट चतरापुलतर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०१६ प ५७३३ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त नगद फेला पारी चालक कबिराज र मोटरसाइकलमा सवार अपितलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हतियार बरामद

***झापा, ५ पुस***

दमक नगरपालिका-१ बुद्ध टोलस्थित रतुवा खोला किनारको काँसघारीमा वेवारिसे अवस्थामा रहेको ईन्सास राईफल ३ थान, सोही राईफलको म्यागजिन २ थान, गोली २० राउण्ड, थ्रीनटथ्रीको गोली १ सय

३४ राउण्ड, एसएलआरको गोली ५ राउण्ड र गोली राख्ने बिन्दुली ३ थान फेला पारी प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उक्त हतियार र गोली फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## पेस्तोल सहित तीन जना पक्राउ

***काठमाडौं पुस १५ ,***

नागार्जुन नगरपालिका-४ बाफलबाट पेस्तोल २ थान, म्याग्जिन ३ थान र गोली २ राउण्ड सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१५ डल्लु बस्ने ३२ वर्षीय झिल्के भन्ने विकाश शाही, मोरङ लेटाङ नगरपालिका-४ घर भएका २२ वर्षीय शाहिल तिवारी र काठमाडौं महानगरपालिका-१३ बाफल बस्ने ३३ वर्षीय जस्वन राई भन्ने अश्विन राई रहेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंबाट प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## १३ थान भरूवा बन्दुक बरामद

***बागलुङ, २५ पुस***

बागलुङ ,तमानखोला गाउँपालिका-४ सिद्धसामुस्थित सिद्धसामु सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक ३ थान बिहीबार दिउँसो प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यसैगरी बागलुङ ,निसीखोला गाउँपालिका-६ जाउलेपानीस्थित जाउलेपानी सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक ३ थान बिहीबार दिउँसो प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । रूकुम पूर्व ,भुमे गाउँपालिका-२ ढुसीडाँडा बनमाराको झाडीबाट भरूवा बन्दुक ७ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय काक्रीबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## नाबालिकाको चरित्र हत्या गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

***काठमाडौं, ७ पुस***

नाबालिकाको चरित्र हत्या गर्ने कार्यमा संलग्न रहेको अभियोगमा कैलाली धनगढी उपमहानगरपालिका-१२ जुगेडा डि गाउँ बस्ने २७ वर्षीय सन्दिप चन्दलाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जालमा फेक एकाउन्ट मार्फत साथी बनी नाबालिकालाई विभिन्न प्रलोभन, दबाब र प्रभावमा पारी नग्न तस्विर तथा भिडियो मागी थप अश्लिल गतिविधि नियमित रूपमा गर्न लगाउदा नाबालिकाले नमाने पश्चात उक्त तस्विर तथा भिडियो पीडितको साथी तथा आफन्तजनका सामाजिक सञ्जालमा पठाई चरित्र हत्या गरेको घटनाको अनुसन्धानको क्रममा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई जिल्ला प्रहरी कार्यालय कैलालीको सहयोगमा कैलालीबाट पक्राउ गरेको हो । उनी उपर विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## स्रोत नखुलेको रकम सहित एक जना पक्राउ

***धनुषा पुस १५ ,***

जनकपुरधाम उपमहानगरपालिका-४ माछा बजारबाट स्रोत नखुलेको रकम १० लाख ३ हजार ८ सय ५ रूपैयाँ सहित सोही ठाउँ डेरा गरी बस्ने महोत्तरी एकडारा गाउँपालिका-४ घर भएका ३५ वर्षीय रंजित कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीको उनको कोठा तलासी गर्दा उक्त नगद फेला पारी पक्राउ गरेको हो । साथै प्रहरीले उनले प्रयोग गर्ने म.प्र.०२-००९ प ०५४३ नम्बरको स्कुटर समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## २२ थान भरूवा बन्दुक बरामद

***काठमाडौं, २४ पुस***

बागलुङ ,गलकोट नगरपालिका-१० कालखानीस्थित कालखानी सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक ८ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यायल बुर्तिबाङबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यसैगरी बागलुङ, तमानखोला गाउँपालिका-२ सिलगुमस्थित सिलगुम सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक ९ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यायल बुर्तिबाङबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । म्याग्दी ,मालिका गाउँपालिका-४ चिउरीबोट जंगलबाट भरूवा बन्दुक ५ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय दरवाङबाट खटिएको प्रहरीले लुकाई छिपाई राखिएको उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## भरूवा बन्दुक बरामद

***बागलुङ, २१ पुस***

ढोरपाटन नगरपालिका-५ मस्तीस्थित सार्वजनिक वनबाट एकनाले भरूवा बन्दुक ६ थान प्रहरीले बरामद गरेको छ ।इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## भरूवा बन्दुक बरामद

***बागलुङ, २२ पुस***

ढोरपाटन नगरपालिका-३ भिरपानीस्थित लालीगुँरास सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक २ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय बुर्तिबाङबाट खटिएको प्रहरीले वेवारिसे अवस्थामा रहेको उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

बर्ष

### मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८२।०८।२८ गते दिनको १२:३० बजेको समयमा जिल्ला झापा, भद्रपुर न.पा.वडा नं.०५ स्थितमा जिल्ला झापा, भद्रपुर न.पा. वडा नं.०३ बस्ने बर्ष २३ को विवेक राईले बर्ष १३ (सांकेतिक नाम "ब-१") लाई जवरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त प्रहरी कार्यालयमा प्राप्त भएकोमा अनुसन्धानको क्रममा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न भए पश्चात सम्मानित झापा जिल्ला अदालतको मिति २०८२। ०९। २५ गतेको आदेशले निज प्रतिवादी विवेक राई पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर

मिति २०८२।०८।१५ गते दिनको अं.१२:०० बजेको समयमा जिल्ला इलाम सुर्योदय नगरपालिका वडा नं.१० आरुबोटे स्थितमा अभियुक्त भेषराज घिमिरले जाहेरवाला बोलक शेर्माको छोरा जिल्ला ईलाम सुर्योदय न.पा. वडा नं.१० आरुबोटे बस्ने वर्ष ४६ को बुद्धबीर शेर्मा घरमा नभएको मौकामा मेरो नाबालक भतिज आशिष शेर्मालाई गाईबस्तुलाई खुवाउने च्याँक्ला किन्न दोकानतर्फ जाँदै गर्दा के कुन उद्देश्यले घरमा बोलाई कोठामा लगेर ४ दिनसम्म आफ्नो घर जान नदिई धाकधम्की दिदै डरत्रासमा पारी बन्धक बनाएको हुँदा निज भेषराज घिमिरेलाई पक्राउ गरी मुलुकी अपराध (संहिता), २०७४ को परिच्छेद-१७ को अपहरण वा शरिर बन्धक सम्बन्धी कसूरमा सुक्ष्म अनुसन्धान गरी कानून बमोजिम कडा भन्दा कडा कारवाही गरिपाँउ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात मिति २०८२।०९।१८ गते सम्मानित इलाम जिल्ला अदालतको आदेशले निज प्रतिवादी पूर्पक्षको लागि कारागार थुनामा गएको।

### मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपसार

मिति २०८२।०८।१८ गते देखी ऐ. २९ गतेसम्म जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.१ स्थित नारायणी सेकुवा एण्ड खाजा घरमा नाम परिवर्तित ३५ भरतपुर (१८), परिवर्तित नाम ३५ भरतपुर (१९), परिवर्तित नाम ३५ भरतपुर (२०), परिवर्तित नाम ३५ भरतपुर (२१) लाई नारायणी सेकुवा एण्ड खाजा घरका संचालक सुमन बहादुर ठकुरीले खाजा घरमा भाँडा माझ्ने काम गर्न भनी राखेकोमा मिति २०८२।०८।१८ गतेदेखी ऐ.२९ गतेसम्म खाजा घरमा आउने ग्राहकसँग यौन सम्पर्क गर्न लगाएको भनी माईती नेपालको प्रतिनिधि कोपिला छुमीको जाहेरी दरखास्त प्राप्त भई अनुसन्धान पश्चात सम्मानित चितवन जिल्ला अदालतमा पेस हुँदा सम्मानित अदालतको मिति २०८२।०९।२८ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर

मिति २०८२।०९।०४ गते बिहानको अन्दाजी ०५:०० बजेको समयमा जिल्ला धादिङ सिद्धलेक गाउँपालिका वडा नं.७ भैंसे पोखरी स्थितमा ऐ.ऐ. बस्ने बर्ष अन्दाजी ९० की पवी माया घलेलाई जिल्ला धादिङ सिद्धलेक गाउँपालिका वडा नं.७ भैसे पोखरी बस्ने प्रताप सिंह घलेको छोरा बर्ष ३३ को आईतराम घलेले काठको फलेकले टाउकोमा प्रहार गर्दा निज पवी माया घलेको घटनास्थलमा नै मृत्यु भएको हुँदा निज आईतराम घलेलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको मृतकको छोरा लिला बहादुर घलेको जाहेरी दरखास्त प्राप्त भएको प्रतिवादीलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान पूरा गरी सम्मानित धादिङ जिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित अदालतको मिति २०८२।०९।२५ गतेको आदेशले प्रतिवादी आईतराम घले पूर्पक्षको लागि कारागार चलान भएको।

### मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८२।०८।१४ गते जिल्ला कपिलवस्तु नगरपालिका वडा नं.०३ तिलौराकोट दरबार घुमाघाम गर्न गएको अवस्थामा अन्दाजी १५:०० बजे सोही स्थानमा आएका कपिलवस्तु जिल्ला कपिलवस्तु नगरपालिका वडा नं.०३ शिवगढ टोल बस्ने अन्दाजी वर्ष २० को राहुल मल्लाहले मलाई विभिन्न डरत्रास देखाई दरवार क्षेत्रको झाडीमा लगी जबरजस्ती करणी गरेको हुँदा करणी गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाही गरिपाँउ भन्ने परिवर्तित नाम ५१ (र) कपिलवस्तुले बुबाको रोहवरमा दिएको जाहेरी दरखास्त प्राप्त भएपश्चात कानून बमोजिम अनुसन्धान एवं आवश्यक कारवाही गरी सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०८२।०९।११ गतेको आदेशानुसार प्रतिवादी राहुल मल्लाह पूर्पक्षको लागि थुनामा गएको।

### मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८२।०२।२२ गते दिउँसो अन्दाजी १३:३० बजेको समयमा मेरो घरमा श्रीमती एक्लै भएको मौका पारी जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडा नं.२ बस्ने बर्ष ४७ को बासुदेव अहिर (यादव) ले मेरो श्रीमतीलाई डर, त्रास, धम्की दिई जवरजस्ती करणी गरेको कुरा उक्त कुरा मेरो श्रीमती मिति २०८२।०२।२४ गते मात्र मलाई बताएकी हुँदा यसरी मेरो सुस्त मनस्थिति भएकी बृद्ध अवस्थाकी श्रीमतीलाई जवरजस्ती करणी गरेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको परिवर्तित नाम ५१ (भ) कपिलवस्तुको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चातमिति २०८२।०९।१६ गते सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले प्रतिवादी वासुदेव अहिर पूर्पक्षको लागि कारागार चलान भएको।

मासिक ई-बुलेटिन

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक सुशिल सिंह राठौर
प्रहरी नायव महानिरीक्षक सानुराम भट्टराई

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी

**सम्पादक**

प्रहरी निरीक्षक केबि गुरुङ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी बरिष्ठ हवल्दार कल्पना राई

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**